का.जि.प्र.का.द.नं. १००/०७९/८०
१६ मंसिर २०८२
मंगलबार
2 December 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक २९२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## १६ पुसदेखि कांग्रेस महाधिवेशन

# संशय कायमै



आवधिक महाधिवेशनले कांग्रेस तल्लो तहदेखि रूपान्तरण हुन्छ भनेर निर्वाचनपूर्व नियमित महाधिवेशनको गर्नुपर्छ भनेको हो । अहिलेको तालिकाअनुसार नेताहरूले काम गर्न सक्नुहुन्छ कि हुन्न त्यो परीक्षाकै घडीमा छ ।

● डा. शेखर कोइराला
नेता



केन्द्रीय समितिको समय दुई महिना थपेर महाधिवेशन एक महिनाअघि नै गर्ने तालिका आउनु संशययुक्त मानेका छौं । यदि महाधिवेशन आलटाल भयो भने विशेष महाधिवेशनको एजेन्डा जीवितै छ ।

● गुरुराज घिमिरे
विशेष महाधिवेशन पक्षधर नेता



- पुस १६ — वडा अधिवेशन
- पुस १७ — पालिका अधिवेशन
- पुस १९ — प्रदेश सभा क्षेत्रीय अधिवेशन
- पुस २१ — प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन/एउटा प्रतिनिधि सभा क्षेत्र भएको जिल्ला अधिवेशन
- पुस २२ — एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन
- पुस २३-२४ — सात प्रदेश अधिवेशन
- पुस २६-२८ — केन्द्रीय अधिवेशन

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ मंसिर

लामो समयको प्रतीक्षापछि नेपाली कांग्रेस केन्द्रीय समितिले १५औं महाधिवेशनको गाँठो फुकाएको छ । सोमबार केन्द्रीय समितिको बैठकले आगामी पुस २६-२८ मा नियमित महाधिवेशन सर्वसहमतिमा निर्णय गरेको हो । यद्यपि केन्द्रीय समितिले ल्याएको टाइट कार्यतालिका कार्यान्वयन हुनेमा संशय कायमै रहेको छ ।

सोमबार पार्टीले गरेको निर्णयअनुसार पुस १६ गते वडा, १७ गते पालिका र १९ गते प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने भनिएको छ। त्यस्तै, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन एउटा प्रतिनिधि सभा क्षेत्र भएको जिल्ला अधिवेशन पुस २१ गते र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन पुस २२ गते गर्ने निर्णय गरेको छ। सात प्रदेश कार्यसमितिको अधिवेशन पुस २३ र २४ गते र केन्द्रीय महाधिवेशन २६-२८ मा गर्ने निर्णय गरेको कांग्रेसले जनाएको छ। पार्टीका प्रवक्ता डा. प्रकाशशरण महतले १५औं महाधिवेशनका लागि पुस ५ गतेभित्र क्रियाशील सदस्यता नवीकरण र वितरणको काम सम्पन्न गरिसक्ने निर्णय गरेको बताए। >>> पृष्ठ २ मा

## तोकियो क्रियाशीलको मापदण्ड

कांग्रेसको क्रियाशील सदस्यता लिन चाहने नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित)को धारा ४ को उपधारा (१) र (३) बमोजिम योग्यता पुगेका व्यक्तिलाई सहज रूपमा सदस्यता प्रदान गर्ने मापदण्ड ल्याएको छ । प्रतिनिधि सभाको क्षेत्रमा पार्टीको १४औं महाधिवेशनमा कायम रहेको क्रियाशील सदस्य संख्याको सामान्यतया शतप्रतिशत नयाँ क्रियाशील सदस्यता फारम प्रतिनिधि सभा क्षेत्रलाई केन्द्रले उपलब्ध गराउने व्यवस्था ल्याएको हो । त्यस्तै, वडाको जनसंख्या, मतदाता र क्रियाशील सदस्यताको अनुपातमा आवश्यकताअनुसार माग भएबमोजिम सदस्यता वितरण गर्न सक्नेगरी सदस्यता फारम उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय गरेको छ । त्यस्तै, महिला, आदिवासी जनजाति, दलित, मधेशी, खस आर्य, थारु, मुस्लिमको जनसंख्यालाई मध्यनजर गरी सोही आधारमा समानुपातिक/समावेशी प्रतिनिधित्वलाई ध्यान दिने कांग्रेसले मापदण्ड तयार गरेको हो।१८ देखि ३५ वर्षका युवाहरूको व्यापक प्रतिनिधित्व हुनेगरी प्राथमिकता दिई क्रियाशील वितरण गर्नुपर्ने मापदण्डमा उल्लेख >>> पृष्ठ २ मा

# सर्वोच्चमा अड्कियो संसद् विघटनको मुद्दा

प्रतिनिधि सभा विघटनविरुद्ध यही मंसिर २२ गतेका लागि अर्को पेसी तोकिएको छ।
त्यसदिनसम्म विपक्षीहरू सबैको लिखित जवाफ पेस नभए पेसी तोकिँदैन।

### संसद् विघटनविरुद्ध १८ थान मुद्दा

१. प्रेमराज सिलवाल
२. खड्कबहादुर शाह
३. कीर्तिनाथ शर्मा पौडेल
४. आयुष बडाल
५. मकबुल मियाँ
६. युवराज पौडेल
७. डम्बरप्रसाद शिवाकोटी
८. आभाष पोखरेल
९. ओमप्रकाशजंग शाह
१०. बिमल पोखरेल
११. पुण्यप्रसाद खतिवडा
१२. शेरबहादुर रोक्का
१३. दलबहादुर धामी
१४. प्रकाश भुजेल
१५. विपिन ढकाल
१६. आयुष भण्डारी
१७. पुण्यप्रसाद खतिवडा (दोस्रो रिट)
१८. महेश बर्तौला र सुनिता बराल



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ मंसिर

प्रतिनिधि सभा विघटन भएको दुई महिना हुन लाग्यो । अन्तरिम सरकारको सिफारिसमा २७ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरेका थिए ।

उक्त विघटनविरुद्ध प्रश्न उठाउँदै एक महिनादेखि सर्वोच्च रिट पर्न थाले । २८ असोजमा सर्वोच्च अदालतमा प्रधानमन्त्री नियुक्ति र प्रतिनिधि सभा विघटन संविधानविपरीत रहेको भन्दै १० वटा रिट पेस भएका थिए। २९ असोजमा ६ वटा रिट दर्ता भए। फेरि पछि अर्को >>> पृष्ठ २ मा

## एचआइभी संक्रमितको संख्या घट्दो, आयु बढ्दो

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १५ मंसिर

केही वर्षअघिसम्म डरलाग्दोसँग फैलिरहेको एचआइभी संक्रमण घट्दै गएको पाइएको छ। प्राणघातक रोग मानिने एचआइभी/एड्स लागेको व्यक्तिहरूको आयु पनि बढेको छ। खासगरी रोग प्रतिरोधात्मक औषधिको विकासले संक्रमितको आयु बढाएको चिकित्सक बताउँछन्।

नेपालमा एचआइभी संक्रमितहरूको संख्या बर्सेनि घट्दै गएको एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले जनाएको छ। बितेका तीन वर्षमा संक्रमितको संख्या निरन्तर घटेको हो। आर्थिक वर्ष २०७९/२०८० मा २ हजार ८ सय संक्रमित भेटिएकोमा २०८०/८१ मा ३ सय घटेको थियो। त्यो वर्ष २ हजार ५ सय नयाँ संक्रमित पुष्टि भएका थिए। गत आर्थिक वर्षमा त्यो संख्या पनि घटेको छ। केन्द्रका अनुसार अघिल्लो वर्ष २०८१/८२ मा २ हजार २ सय ७२ जना नयाँ एचआइभी संक्रमित भेटिएका हुन्।

एचआइभीसम्बन्धी सचेतना फैलिएकै कारण संक्रमितको संख्या घट्दै गएको केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत लोकराज पाण्डेले बताए। 'देशभरमा नै एचआइभीसम्बन्धी सचेतना कार्यक्रम भइरहेका छन्। त्यसैको नतिजा संक्रमितको संख्या घट्दै >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## स्वास्थ्य परीक्षण शुल्क प्रधानमन्त्रीको जानकारीमै बढाइएको श्रम सचिवको दाबी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानलाई प्राथमिकतामा राखेको बताएका छन्।

वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाउने विषयमा सरोकारवालाहरूसँग सोमबार मन्त्रालयमा भएको छलफल एवं अन्तरक्रिया कार्यक्रममा सचिव डा. पुष्करले उक्त भनाइ राखेका हुन्। हाल श्रम मन्त्रालय प्रधानमन्त्री कार्की मातहत रहेको छ। सोमबारको छलफलबाट आएका निष्कर्ष जस्ताको तस्तै प्रधानमन्त्री >>> पृष्ठ २ मा

### संघ–महासंघ नोकझोक

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क बढेको विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल स्वास्थ्य व्यवसायी महासंघबीच लामो समय नोकझोक र घोचपेच भयो।

वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाउने विषयमा सरोकारवालाहरूसँग सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको छलफल एवं अन्तरक्रिया कार्यक्रममा नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाईंले आफ्नो प्रस्तुती राख्दा वैदेशिक रोजगार व्यवसायीले १५ लाखसम्म उठाएको प्रसंग राखेपछि वैदेशिक रोजगार व्यवसायी र स्वास्थ्य व्यवसायीबीच नोकझोक सुरुवात भएको थियो। श्रम मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले व्यवसायी एउटै परिवार भएको >>> पृष्ठ २ मा

## मधेशका मुख्यमन्त्रीलाई २४ घण्टे अल्टिमेटम

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर



सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएको छ। ७३ जना सांसदले गैरसंवैधानिक ढंगले यादवको नियुक्ति भएको भन्दै सर्वोच्चमा रिट दायर गरेका थिए। सोही रिट निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएको हो।

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेको संयुक्त इजलासले मुख्यमन्त्री यादवले २४ घण्टाभित्र विश्वासको मत प्राप्त गर्न नसकेमा संविधानको धारा १६८ को २ बमोजिम सरकार गठन गर्न >>> पृष्ठ २ मा

बिजुलीको सुरक्षित प्रयोग गरौं।
- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com
१६ मंसिर २०८२ मंगलबार
2 December 2025 Tuesday

# नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल फेरि बन्द गर्नुपर्छः पृथ्वीसुब्बा गुरुङ



**काठमाडौं/मस-** नेकपा एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले नेपालमा दर्ता नभएका मेटा लगायतका सामाजिक सञ्जाल फेरि बन्द गर्नुपर्ने बताएका छन्।

पैस चौतारी नेपालले सोमबार आयोजना गरेको कार्यक्रममा उनले यस्तो बताएका हुन्। पूर्वसञ्चारमन्त्री समेत रहेका गुरुङले नेपालमा व्यवसाय गर्ने सबैले नेपालको कानून मान्नुपर्ने बताए।

गुरुङ सञ्चारमन्त्री भएको बेलामा नेपालमा दर्ता नभएका सामाजिक सञ्जालहरु बन्द गरिएको थियो। तर जेन-जी आन्दोलनका कारण फेरि ती सञ्जालहरु खुला भएका थिए।

उपमहासचिव गुरुङले विशेष परिस्थितका कारण नियमनमा नरहेका समाजिक सञ्जालहरुलाई हाल खुला गरेपनि कुनै न कुनै दिन अवश्य बन्द हुने दाबी गरे। नेपालमा साना व्यवसाय गर्ने कम्पनी दर्ता गर्नुपर्ने तर अर्बौंको कारोबार गर्ने सामाजिक सञ्जाल दर्ता नहुने भन्ने नहुने उनले बताए।

उनले आफूले पटकपटक प्रयास गर्दा पनि ती कम्पनीले नेपाल सानो देश भनेर हेपेको उल्लेख गरे। दर्ता गर्नको लागि १२ महिनाको समय दिएपनि उनीहरुले नटेरेपछि नियमन गर्नको लागि आफूले बन्द गरेको उनले स्मरण गरे।

उनले सामाजिक सञ्जाललाई नियमन गर्न जरुरी रहेको बताए। उनले नेपालमा सामाजिक सञ्जाल बन्द भएपनि मेटा लगायतका केही कम्पनीले कन्टेन क्रियटरहरुलाई पैसा दिन लागेको पनि बताए।

त्यहाँभन्दा अगाडि नेपाली कन्टेनक्रियटरहरुले रकम नपाउने गरेको उनको भनाइ छ। उनले भने, 'राष्ट्रिय स्वाधिनताको हिसाबले नेपालमा व्यवसाय गर्न आउने सबैले नेपालमा दर्ता हुनुपर्छ कि पर्दैन? नेपालको संविधान मान्छ पर्छ कि पर्दैन? नेपालको कानून मान्नपर्छ कि पर्दैन? उनीहरु नेपालको संविधान मान्दिन भन्छ, नेपालको कानुन मान्दिन भन्छ, बन्दै गरेको कानुनको पनि डिफेम गर्छ। तेरो देशको सरकार गरिब सरकार, सानो देश, भ्रष्टाचार हुने देश। हाम्रो आफ्नो स्वाधिनता छैन? हाम्रो आफ्नो स्वाभिमान छैन? त्यसकारण यो आज परिस्थितिले गर्दा मैले खोल्नुपऱ्यो, कुनै न कुनै दिन फेरि यो बन्द गर्नुपर्छ। त्यो आएन भने फेरि रेगुलेशन गर्नुपर्छ। रेगुलेशन त अत्यन्त आवश्यक छ नी। नेपालीले नेपालमा व्यवसाय गर्दा चिया पसल खोल्दा त सिडियो कार्यालयमा गएर दर्ता गर्नुपर्छ, उसको कम्पनी, व्यवसाय। त्यजो अर्बौं रुपैयाँ व्यवसाय गर्ने त्यो कम्पनी यहाँ दर्ता गर्न पर्दैन भनेर कुन नेपालीले भन्छ? पर्दैन, पर्छ नी।'

उनले आगामी दिनमा नेपालमा दर्ता नभएका कम्पनीहरु बन्दा गर्दा विकल्प दिएर मात्रै बन्द गर्ने बताए। हाल नेपालमा धमाधम वैकल्पिक एपहरु समेत खुल्दै गरेको उल्लेख गर्दै उनले विकल्प दिएर विदेशी कम्पनीहरु राज्यले नियमन गर्नैपर्ने दोहोऱ्याए।

## संशय...

'क्रियाशील सदस्यताको नामावली केन्द्रबाट स्वीकृत गर्ने अवधि पुस ५ गते तोकिएको छ,' महतले भने।

भदौ २३ र २४ को जेनजी आन्दोलनपछि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन गरिएको थियो। संस्थापनइतर समूहका प्रमुख नेता डा. शेखर कोइरालाले विशेष महाधिवेशनमा जाँदा पार्टी विभाजनको अवस्था पुग्न सक्ने भन्दै दुवै पक्षबीच छुट्टाछुट्टै संवाद गरेर समस्या समाधानको उपाय खोज्न लागेका थिए। नेता कोइरालाले आमनिर्वाचनअघि पार्टीको नियमित महाधिवेशन गर्नुपर्ने अडान कायम राख्दै पुस मसान्तसम्ममा नियमित महाधिवेशन अथवा केन्द्रीय समितिकै निर्णयमा विशेष महाधिवेशनको अन्तिम विकल्प अघि सारेका थिए। उनले मध्यान्हसँग भने, 'आवधिक महाधिवेशनले मात्रै कांग्रेस तल्लो तहदेखि रूपान्तरण हुन्छ भनेर म सुरुदेखि नै निर्वाचनपूर्व नियमित महाधिवेशनको पक्षमा उभिएको हुँ। अहिले ल्याइएको तालिका अनुसार नेताहरुले काम गर्न सक्नुहुन्छ कि हुन्न त्यो परीक्षाको घडीमा छ।' नेता कोइरालाले महाधिवेशन कार्यतालिकाप्रति संशय व्यक्त गरे।

विशेष महाधिवेशन पक्षधर नेताहरुले समेत सार्वजनिक कार्यतालिका देखाउनका लागि मात्रै ल्याइएको टिप्पणी गरे।

नेताहरुले कार्यतालिकाप्रति टिप्पणी गर्दै विशेष महाधिवेशन प्रभावित गर्न यस्तो कदम चालिएको बताए। केन्द्रीय समितिले ल्याएको कार्यतालिका महाधिवेशन गर्न भन्दा अलमल्याउन ल्याइएको भन्दै महामन्त्री गगन थापाले फरक मत राखेको नेता देवराज चालिसेले बताए। 'नियमित महाधिवेशनको कार्यतालिका ल्याउँदै गर्दा माघ महिनासम्म केन्द्रीय समितिको म्याद थप गर्नु नै कार्यतालिकाको कार्यान्वयनमा आशंका बढेको छ। विशेष महाधिवेशन टार्नको लागि हो भने हामी मान्देनौं,' महामन्त्री थापालाई उद्धृत गर्दै चालिसेले भने। विशेष महाधिवेशनका नेताहरुले नियमित महाधिवेशनको समय तालिकालाई स्वागत गरे पनि महाधिवेशन हुने नहुनेमा शंका व्यक्त गरेका छन्। 'नियमित महाधिवेशनको कार्यतालिका आउनु विशेष महाधिवेशन मागकर्ताको राजनीतिक उपलब्धिका रूपमा लिएको विशेष महाधिवेशन अभियानका नेता गुरुराज घिमिरेले बताए। उनले भने, 'नियमित महाधिवेशनको कार्यतालिका आउनु विशेष महाधिवेशन मागकर्ताको राजनीतिक उपलब्धिका हो। तर केन्द्रीय समितिको समय दुई महिना थपेर महाधिवेशन एक महिनाअघि नै गर्ने तालिका आउनु संशययुक्त छ। यद्यपि संशयकैबीच हामीले यो महाधिवेशन सम्पन्न गर्ने अभियानमा लाग्छौं। यदि महाधिवेशन आलटाल भयो भने विशेष महाधिवेशनको एजेन्डा जीवितै छ।

मंसिर अन्तिममा सकिने १४औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिको म्याद दुई महिना थप गर्ने निर्णय गरेको छ। विशेष महाधिवेशन माग गर्ने नेताहरुले नियमित महाधिवेशनको कार्यतालिका अत्यन्तै टाइट भएको बताएका छन्। केवल विशेष महाधिवेशनको माग गर्ने' हस्ताक्षरकर्तालाई भुक्याउन खोजिएको हो भने आफूहरुले पुस २७ मा विशेष महाधिवेशन डाक्ने निष्कर्ष निकालेको नेता मनोजमणि आचार्यले बताए। विशेष महाधिवेशन पक्षका नेताहरुको बैठकले यस्तो निष्कर्ष निकाले उनको भनाइ छ।

२ हजार ४ सय ८८ महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गर्दै गत असोज २९ गते कार्यवाहक सभापति खड्कालाई हस्ताक्षर बुझाएका थिए। पार्टी विधानअनुसार हस्ताक्षर बुझाएको तीन महिनामा विशेष महाधिवेशन गर्ने बाध्यकारी व्यवस्था छ। त्यो समयभन्दा अगाडि नियमित महाधिवेशनको कार्यतालिका ल्याएर विशेष महाधिवेशनको प्रस्ताव निष्क्रिय गराउन संस्थापन पक्ष सफल भएको देखिन्छ।

गत बिहीबारदेखि सभापति शेरबहादुर देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता डा. शेखर कोइराला, उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित नेता बालकृष्ण खाण र रमेश लेखकको सक्रियतामा महाधिवेशनबारे विवाद समाधान गरिएको थियो। शीर्ष तहको छलफलअनुसार १५औं महाधिवेशन पुसको २६-२८ मा गर्नेगरी सहमति जुटाएअनुसार केन्द्रीय समितिबाट कार्यतालिका पारित भएको नेता रमेश लेखकले बताए।

कांग्रेसभित्र २१ फागुनको प्रतिनिधि सभा सदस्य निर्वाचनअघि नै नियमित महाधिवेशनको माग उठेपछि संस्थापन पक्ष त्यसमा सहमत नदेखिएपछि महामन्त्रीको सक्रियतामा ५५ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशनको माग गरिएको थियो। पार्टीले नियमित महाधिवेशन तालिका ल्याइएसँगै विशेषको औचित्य सकिएको प्रवक्ता महतले बताए। तोकिएको समयमा महाधिवेशन गराउन कांग्रेसले क्रियाशील सदस्यता नवीकरण नभएका, छुटेका, विवरण पठाउन बाँकी रहेका जिल्लाले कार्यसमिति बैठकको निर्णय, नवीकरणको सूचीको अन्तिम नामावली र रकम केन्द्रमा पठाउने अन्तिम मिति मंसिर २५ सम्म दिइएको छ। यस्तै, पुस ८ गतेभित्र छुट भएकाहरुको नामावली, निर्णय र रकम केन्द्रमा पठाइसक्नुपर्नेछ। जनसम्पर्क समितिले क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको सम्पूर्ण काम मंसिर मसान्तभित्र गरी सक्ने र केन्द्रमा पठाउने अवधि पुस ३ गतेसम्मका लागि तोकिएको छ।

संस्थापन पक्षका कृष्ण सिटौला, विमलेन्द्र निधिसहित सात नेताहरुले आमनिर्वाचनपछि मात्रै महाधिवेशन गर्नुपर्ने अन्तिमसम्म अडान राखेका थिए। तर पार्टीमा देखिएको समस्या समाधान गर्न सभापति देउवाको सक्रियतामा विशेष महाधिवेशन पक्षधरको समेत माग सम्बोधन हुनेगरी नियमित महाधिवेशन गर्ने तालिका ल्याइएको केन्द्रीय सदस्य डा. डिला संग्रौलाले बताइन्।

'विशेष कि नियमित महाधिवेशन भन्ने विवादलाई लिएर दुई कित्तामा बाँडिएको कांग्रेसमा एकताबद्ध भएर निर्वाचनअघि नै नियमित महाधिवेशन गर्ने निर्णय आएको छ। हाम्रो पनि चाहना त्यही थियो,' उनले भनिन्। पूर्वपदाधिकारीहरुले भने फागुनको निर्वाचनअघि महाधिवेशन सम्भव नहुने भन्दै २०८३ वैशाखमा पार्टीको महाधिवेशन सार्नुपर्ने अडानमा थिए। उनिहरु आमनिर्वाचनमा टिकट लिने/दिने, समानुपातिकमा नाम पठाउने अनि मात्रै महाधिवेशनमा जाने सात नेताहरुको सपना यो निर्णयले चकनाचुर बनाइदिएको केन्द्रीय सदस्यहरुले प्रतिक्रिया दिएका छन्।

## तोकियो ...

छ। त्यस्तै, समाजमा विभिन्न पेसागत बुद्धिजीवी तथा सामाजिक कार्यमा संलग्न व्यक्तिलाई प्राथमिकता दिनुपर्ने मापदण्ड बनाएको छ। त्यसैगरी, राष्ट्रिय मान्यता प्राप्त अन्य राजनीतिक दलबाट कांग्रेसमा प्रवेश गरेका व्यक्तिलाई अनिवार्य रूपमा क्रियाशील सदस्यता उपलब्ध गराउनुपर्ने मापदण्ड बनाएर महाधिवेशनको अभियानमा कांग्रेस अघि बढेको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए।

## सर्वोच्चमा...

एउटा रिट पऱ्यो। रिटहरुमा १२ कात्तिकमा पहिलो सुनुवाइ भयो। प्रतिनिधि सभा विघटनको मुद्दा हेर्न सर्वोच्च अदालतमा संवैधानिक इजलास गठन भएको छ। इजलासमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशद्वय सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्मा रहेका छन्।

उक्त, संवैधानिक इजलासले १२ कात्तिकमा विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै लिखित जवाफ मागेको छ।

त्यसपछि सर्वोच्च अदालतले म्याद तामेली गर्ने अनि लिखित जवाफ सकलन काम गरिरहेको छ। संवैधानिक इजलासले पहिलो सुनुवाइ गर्दै सबै पक्षको लिखित जवाफ पेस भएपछि सुनुवाइका लागि पेस गर्न आदेश गरेको थियो।

सर्वोच्च अदालत स्रोतका अनुसार सभामुख देवराज घिमिरे, राष्ट्रपति कार्यालय, तत्कालीन प्रहरी प्रमुख चन्द्रकुबेर खापुङले लिखित जवाफ पठाएका छन्।

नेकपा एमाले अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि लिखित जवाफ पेस गरिसकेका छन्।

एकातिर प्रतिनिधि सभा विघटनविरुद्धको मुद्दामाथिको सुनुवाइ प्रभावित हुन पुगेको छ भने अर्कोतिर रिट थपिनेक्रम समेत छ। यही मंसिर ८ गते विघटित प्रतिनिधि सभामा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बराल रिट लिएर सर्वोच्च अदालत गएका थिए।

## एचआइभी...

गएको छ,' उनले भने।

नेपालमा हाल ३४ हजार ३ सय ३७ जना एचआइभी संक्रमित रहेको केन्द्रले जनाएको छ। संक्रमितमध्ये लागूऔषधका दुर्व्यसनी, यौनकर्मी तथा तिनका ग्राहक, समलिंगी पुरुष तथा ट्रान्सजेन्डर, वैदेशिक रोजगारीमा जाने पुरुष तथा उनका पत्नी धेरै छन्। गत वर्ष ५ सय ६९ जनाको संक्रमितको मृत्यु भयो। एचआइभी/एड्सबाट दैनिक मृत्यु अनुपात १ दशमलव ७ रहेको छ। एचआइभी संक्रमितमध्ये ७७ प्रतिशतको पहिचान भएको छ भने ८७ प्रतिशतको उपचार र ७१ प्रतिशतको शरीरमा भाइरसको भार न्यून पाइएको केन्द्रले जनाएको छ।

केन्द्रका निर्देशक डा. सर्वेश शर्माले औषधि विज्ञानको विकाससँगै एचआइभी संक्रमित पनि साधारण मानिसजस्तै आयु बाँच्न सक्ने बताउँछन्। 'कसैको आयुको यकिन भन्न कसैले सक्दैन,' उनले मध्यान्हसँग भने, 'जटिल केसबाहेक नियमित औषधी सेवन गर्ने संक्रमितहरुको स्वास्थ्य अवस्था सामान्य नै हुन्छ।' एचआइभी संक्रमित बिरामीहरुको आयु छोटो हुने, ५/१० वर्ष मात्रै बाँच्छन् भन्ने भ्रमले समाजलाई ग्रसित पारेको उनी बताउँछन्। 'ह्युमन इम्युनो डिफिसेन्सी भाइरस अर्थात् एचआइभी एक यस्तो भाइरस हो, जसले शरीरमा प्रवेश गरेपछि बिस्तारै प्रतिरक्षा प्रणालीमा आक्रमण गर्छ र प्रतिरोधात्मक क्षमता घटाउँदै लैजान्छ,' उनले भने, 'यदि सही समयमा उपचार गरिएन भने यो एड्स (एक्वायर इम्युनोडेफिसियन्सी सिन्ड्रोम)मा परिणत हुन्छ र यसको निर्मूल नै पार्ने कुनै प्रभावकारी उपचार छैन।' एकपटक एचआइभी संक्रमित भएपछि उसले जीवनभर यससँगै बाँच्नुपर्ने हुँदा नियमित औषधीको सेवन गर्न उनको सुझाव छ। नियमित औषधी सेवनकै कारण संक्रमितहरुको आयु बढ्दै गएको उल्लेख गर्दै डा. शर्मा एचआइभीको लक्षण पहिचान हुनासाथ डाक्टरको परामर्श लिएर उपचारमा लाग्नुपर्ने बताउँछन्।

देशभरका कारागारमा ५० जना एचआइभी संक्रमित व्यक्ति छन्। कारागार चलान हुनुपूर्व नै आरोपी व्यक्ति एचआइभी संक्रमित भएको एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका वरिष्ठ अधिकृत लोकराज पाण्डेले बताएका छन्। 'कारागारमा नै एचआइभी संक्रमण फैलिएको होइन,' वरिष्ठ अधिकृत पाण्डेले भने, 'कारागार चलान हुनुपूर्व नै संक्रमित भएका हुन्। उनीहरुले एआरटी औषधि खाइरहेका छन्।'

सरकारले ६४ जिल्लामा ९६ वटा एआरटी केन्द्र स्थापना गरेको छ। त्यस्तै, गर्भवतीका लागि निःशुल्क परीक्षण अनि संक्रमित आमाबाट शिशुमा संक्रमण रोक्ने सेवा प्रदानलगायतका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। सोमबार नेपालसहित विश्वभरि नै ३८औं विश्व एड्स दिवस 'अवरोधहरु पार गरी, एड्स प्रतिकार्य रूपान्तरण गरौं' भन्ने नाराका साथ मनाइएको छ।

## स्वास्थ्य ...

कार्कीसमक्ष राख्ने भन्दै सचिव डा. पुष्करले श्रमिकको हित सर्वोपरी राखेर सेवा शुल्क परिमार्जन, मागपत्र प्रमाणीकरण तथा भिजिट भिसा समस्याको समाधान, स्वास्थ्य परीक्षण तथा पूर्वप्रस्थान अभिमुखीकरण तालिममा रहेका समस्या हटाउन प्रधानमन्त्री कार्कीलाई आफूले ठोस सुझाव दिने योजनामा रहेको बताए।

त्यसका लागि उनले मन्त्रालयको वैदेशिक रोजगार महाशाखाका सहसचिवको नेतृत्वमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल स्वास्थ्य व्यवसायी महासंघ, नेपाल मेडिकल व्यवसायी संघ, वैदेशिक रोजगार व्यवसायी महासंघको संस्थागत सहभागिता र विज्ञहरुको उपस्थितिमा छिट्टै अन्तर्क्रिया आयोजना गर्ने जानकारी दिए। उनले तीन वटै पक्षका लागि स्वीकार्य हुने विज्ञलाई सिफारिस गर्नसमेत सरोकारवालालाई आग्रह गरे।

सचिव डा. पुष्करले वैदेशिक रोजगारमा सरोकारवालाहरुबीच सहअस्तित्व, सहकार्य र सहयोगको कमी देखिएको भन्दै सुधारका लागि सबै एकै ठाउँमा उभिनुपर्ने बताए। सचिव डा. पुष्करले आफू वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने पक्षमा रहेको बताए।

उनले वैदेशिक रोजगार व्यवसायीले कामदारको एक महिनाको तलब बराबर सेवा शुल्क पाउनुपर्ने पक्षमा आफू रहेको र त्यसको कार्यान्वयन गर्न मौद्रिक नीतिमा वैदेशिक रोजगार ऋण प्रबन्ध गर्न प्रस्ताव गरेको उल्लेख गरे।

सचिव डा. पुष्करले इजरायल, बेलायत, कोरियामा नेपाली कामदार पठाउने गरेपनि कोरियाको ई-७ भिसा, बेलायतमा नर्स र जापानमा एसएसडब्लूअन्तर्गत व्यवसायीले पनि कामदार पठाउने अवसर रहेकाले यसमा छलफल गर्न आह्वान गरे। जिटुजी लाइसेन्स नवीकरण समस्या समाधानका लागि पनि छिट्टै उपाय खोजिने उनले बताए।

सचिव डा. पुष्करले मापदण्ड पुऱ्याएका मेडिकलहरू सूचीकरणपछि प्रधानमन्त्री कार्कीको जानकारीमा स्वास्थ्य परीक्षणको शुल्क बढाएको बताए। नेपाल वैदेशिक रोजगार व्यवसायीसहित विभिन्न घटक संस्थाले श्रम गन्तव्य मुलुकमा आवश्यक नभएका विषय पनि थप गरेर कामदारमाथि आर्थिक भार थोपरेको भन्दै बढेको ९ हजार ५ सय शुल्क तत्काल फिर्ता लिई पुरानै शुल्क कायम गरिनुपर्ने माग गरेका छन्। तर सचिव डा. पुष्करले विगतमा स्वास्थ्य मन्त्रालयका सहसचिवको कार्यदलमा रहेका ३० जना चिकित्सकले दिएको राय सुझावलाई समेत ध्यानमा राखेर ३४ वटा विषयको परीक्षण गर्ने निर्णय भएको बताए।

कार्यक्रममा अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम, पूर्वअध्यक्ष पूर्णबहादुर मल्ल, महासचिव लक्ष्मी लामिछानेले अभिमुखीकरण तालिमको २१ सय शुल्क कार्यान्वयन भइसकेको जानकारी गराए।

## संघ-महासंघ ...

र एक आपसमा परिपुरक हुनुपर्छ भनेर बारम्बार सम्झाएपनि दुवै पक्ष रोकिएनन्। सवाल जवाफमा संघका महासचिव महेशकुमार बस्नेतले सिन्डिकेट सिर्जना गर्ने अभ्यास भएको भन्दै बढेको शुल्क नघटाएको अवस्थामा संघमा आबद्ध व्यवसायीका मेडिकलबाट मात्रै स्वास्थ्य परीक्षण गर्न पाउने गरी मन्त्रालयले सूचीकरण गरेका १७१ मध्येबाट नयाँ सूचीकरण गरेर सस्तोमा स्वास्थ्य परीक्षण गराउने चेतावनी दिए।

संघका अध्यक्ष भुवनसिंह गुरुङले बढेको ९ हजार ५ सय शुल्क कार्यान्वयन नहुने संघको बटमलाइन भएको बताए। उनले नेपाल सरकारले सूचीकृत गरेका सबै संस्थाले ११० मुलुक जाने कामदारको स्वास्थ्य परीक्षण गर्न पाउनुपर्ने, सुरुमा अन्य परीक्षण गरेर छातीको एक्सरे अन्तिममा गर्नुपर्ने भन्दै परीक्षण शुल्क ९ हजार ५ सय गर्दा नागरिकले के फाइदा पाए त्यसमा सरकारले जवाफ दिनुपर्ने माग गरे। शुल्क बढाउन मिलेमतो विषय उछालिएको उनले दाबी गरे।

त्यसअघि महासंघका अध्यक्ष केशव खड्काले यसअघि स्वास्थ्य परीक्षण शुल्क वृद्धि हुँदा संघको कार्यसमितिको कुनै टिप्पणी नआएको, तर यसपटक अस्वाभाविक रूपमा विरोध आएको टिप्पणी गरेका थिए। जवाफमा अध्यक्ष गुरुङले भने, 'हिजो बोलेन, आज नबोल भन्न पाइन्न। ९ हजार ५ हजार शुल्कमा पुनर्विचार हुनैपर्छ।'

कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका महासचिव बस्नेतले शुल्क बढाएपनि गुणस्तरीय परीक्षण नहुँदा एउटा व्यक्तिको बारम्बार स्वास्थ्य परीक्षण गर्नुपरेको भन्दै असन्तुष्टि राखे। उनले भने, 'तपाईहरू परीक्षण गर्नुहुन्छ, कामदार फर्कैपछि क्षतिपूर्ति हामीलाई ठोकिन्छ। ३४ वटा परीक्षण सम्बन्धित देशको आवश्यकता होइन, विदेशमा कामदारको असामयिक निधन भएको भन्ने बहाना मात्रै हो। स्वास्थ्य परीक्षणको वास्तविक कस्ट ३ हजार ४ सय ४५ हो। हामी हालको शुल्कमा परीक्षण गर्न तयार छौं।'

महासचिव बस्नेत त्यतिमै रोकिएनन्। उनले भने, 'नेपालीको रगत निकालेर स्वदेशी, विदेशी सिन्डिकेटलाई रकम पुऱ्याइएको छ, स्वास्थ्य परीक्षण पुरानै शुल्कमा हुनुपर्छ। होइन भने हामीले १७१ भित्रकै संस्थाबाट मेडिकल गरेर सस्तोमा सेवा दिन्छौं, त्यसपछि तपाईंहरू मेसिन बोकेर हिँड्नुपर्ला।'

उनको गाम्का अन्तर्गतका मेडिकल भन्दा बायोमेट्रिक मेडिकलमा परीक्षण कम गुणस्तरीय भएको र बायोमेट्रिक मलेसियाको फर्मेमामा नजोडिएका कारणले समस्या रहेको बताए।

महासंघ अध्यक्ष खड्काले पनि उस्तै शैलीमा जवाफ फर्काए। उनले भने, 'मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम मलेसिया सरकारले स्वीकृत गरी सम्बन्धित कम्पनीलाई दिएको हो। नेपालमा बायोमेट्रिक १२ वर्षअघि संसदीय समितिले स्वीकृत दिएको हो। सर्वोच्च अदालतले समेत आधिकारिकता दिइसकेको छ। आधिकारिक होइन भने कामदार पठाउन रोक्नुस्। एउटा व्यवसायीले गुणस्तर वृद्धि गर्दा संघको गुनासो किन? म्यानपावरको विषय मेरो पार्ट होइन। हाल कार्यान्वयन भएको शुल्क ८ महिना अगाडिको निर्णय होइन, कार्यविधिअनुसार अनुगमन भएकाले नयाँ रेट, नयाँ टेस्ट हो। तपाईंहरू जहाँ पनि मलाई मुछ्नु हुन्छ। मलेसियाबाट म्यानपावरसम्बन्धी मापदण्ड आउँदा मेरो बदनाम गरियो, म म्यानपावरमा नसकेर होइन नचाहेर व्यवसाय नगरेको हो, म्यानपावर व्यवसायमा म हिजो पनि थिइनँ, आज पनि छैन र भोलि पनि रहने छैन।'

संघका पूर्वअध्यक्ष रोहन गुरुङले खराब मेडिकल परीक्षणले म्यानपावर व्यवसायीले युएईमा ४ हजार २ सय ५० दिरामसम्म क्षतिपूर्ति तिर्नुपर्ने अवस्था रहेको भन्दै क्षतिपूर्तिको जिम्मा सम्बन्धित मेडिकल संस्थाले लिनुपर्ने बताए। उनले मेडिकल अनलाइन सिस्टम गर्ने नाममा व्यवसायीलाई दवाबमा राख्ने प्रयत्न, स्वास्थ्यको नाममा सन्डिकेट खडा गर्ने प्रपञ्च देखिएकाले यसमा सतर्क रहेको उल्लेख गरे।

संघका पूर्वअध्यक्ष एवं प्रमुख सल्लाहकार तिलकबहादुर रानाभाटले पनि कामदारको हितमा निर्णय हुनुपर्ने भन्दै मेडिकलका कारणले फर्के मेडिकलले नै क्षतिपूर्ति तिर्नुपर्ने बताए। उनले पनि संघलाई बाइपास गरेर बढाएको शुल्क कार्यान्वयन नहुने बताए। पूर्वअध्यक्ष रानाभाटले भने, 'वैदेशिक रोजगारको रुख हामीले रोपेको हो, फल पनि हामीले नै टिप्ने हो।'

संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले मन्त्रालयले स्वास्थ्य परीक्षण शुल्क वृद्धिमा निर्णय गराएर छलफल बोलाउनुको कुनै औचित्य नभएको बताए। उनले बढाएको शुल्क कामदारको पक्षमा नरहेकाले संघ त्यसलाई कार्यान्वयनमा लैजान नहुने अडानमा रहेको भनाइ राखे। महासंघका पूर्वअध्यक्ष पूर्णबहादुर मल्लले ओरियन्टेसनको २१ सय लिएको भनेर आलोचना गर्न नहुने भनाइ राखे। १ अमेरिकी डलरको ७० रुपैयाँ हुँदा ७ सय कायम भएको शुल्क अहिले १ सय ४३ रुपैयाँ हुँदा स्वभाविक १४ सय हुने र बजार मूल्य वृद्धि २१ सय स्वभाविक भएको बताए। महासंघ महासचिव लक्ष्मीप्रसाद लामिछानेले संघले आफूहरूलाई शाखा नठान्न आग्रह गरे।

स्वास्थ्य व्यवसायी रामहरि थापाले सूचीकृत सबै संस्थाले स्वास्थ्य परीक्षण गर्ने सुनिश्चित नभएसम्म कामदारको लागत नघट्ने र बेथिति नहट्ने बताए।

यता श्रम मन्त्रालयका सचिव डा. पुष्करले नेपाल सरकारले असहमति जनाएपनि मलेसिया अझै पनि नेपाली म्यानपावर कम्पनीका लागि मापदण्ड लागू गर्ने पक्षमा रहेको जानकारी दिए। 'हामीले मापदण्ड लागू हुँदैन भनेर जवाफ पठायौं,' उनले भने, 'मलेसियाबाट फेरि पत्र आउँदैछ। तर नेपालमा सिन्डिकेट खडा हुने कुनै निर्णय हुँदैन।'

## मधेशका...

परमादेश जारी गरेको हो। अदालतको आदेशबमोजिम उनले मंगलबारभित्र विश्वासको मत लिनुपर्नेहुन्छ। उनलाई मधेश प्रदेशका तत्कालीन प्रमुख सुमित्रा भण्डारीले एक होटलमा लगेर शपथ गराएकी थिइन्। उनको नियुक्ति र शपथ नै गैरकानुनी र गैरसंवैधानिक भएको भन्दै मधेश प्रदेशका एमालेबाहेक सबै राजनीतिक दल उनको विरुद्धमा छन्। २४ घण्टाभित्र उनले विश्वासको मत नलिए नयाँ सरकारका लागि अर्को प्रक्रियामा जाने बताइएको छ।

## युएईमा रोजगार

कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES - LLC — शहर: ABU DHABI — LT. No.: 334574
पूर्व स्वीकृत मिति: २०८२/०८/१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | साताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist. Welder | 50 | 0 | [illegible] | 1200 | ४६६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 50 | 0 | | 1500 | ५८३३५ | | | | | | | |
| 3. | Concrete Masons | 50 | 0 | | 1500 | ५८३३५ | | | | | | | |
| 4. | Plumber | 50 | 0 | | 1500 | ५८३३५ | | | | | | | |

कम्पनी: SOLUTIONS INVESTMENTS SERVICES - L.L.C — शहर: ABU DHABI — LT. No.: 334575
पूर्व स्वीकृत मिति: २०८२/०८/१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | साताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT CARPENTER | 50 | 0 | [illegible] | 1200 | ४६६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst. Steel Fixer | 50 | 0 | | 1200 | ४६६६८ | | | | | | | |
| 3. | Carpenter | 25 | 0 | | 1500 | ५८३३५ | | | | | | | |
| 4. | Labour | 40 | 0 | | 1000 | ३८८९० | | | | | | | |
| 5. | Mason. | 10 | 0 | | 1500 | ५८३३५ | | | | | | | |
| 6. | Steel Fixer | 25 | 0 | | 1500 | ५८३३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel: 01-4358654, 4365978, 9803360330
Email: info@linknepalmanpower.com Website: www.linknepalmanpower.com P.O.Box: 9158

## युएईमा रोजगार

कम्पनी: DIVYA AUTO SPARE PARTS TRADING L L C BRANCH 4 — शहर: UAE Sharjah — LT. No.: 334456
पूर्व स्वीकृत मिति: २०८२/०८/१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | दैनिक काम गर्ने घण्टा | साताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/telecommunication | 2 | 0 | [illegible] | 1500 | ५८,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shop Assistant Sales Dept. | 1 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |
| 3. | Stock Filler | 2 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ।
अन्तर्वार्ता शाखा कार्यालय राधा कृष्ण मन्दिरको अगाडि इटहरीमा २०८२ मंसिर २३ गते (9 December 2025) मा हुनेछ।

K.S.B. INTERNATIONAL PVT. LTD.
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025590791.

# प्रत्येक वर्ष २३ भदौलाई जेनजी शहीद दिवसका रूपमा मनाइने



**काठमाडौं/मस-** सरकारले प्रत्येक वर्षको भदौ २३ लाई जेनजी शहीद दिवसको रुपमा मनाउने निर्णय गरेको छ।

सोमबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए। उनकाअनुसार गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा मृत्यु भइ शहीद घोषणा भएका परिवारका सदस्यहरुलाई फोटोसहितको परिचयपत्र उपलब्ध गराउने निर्णय समेत भएको छ।

उनले आगामी माघ १ गतेदेखि एकैपटकमा पाँच लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिदबिक्री वा अन्य कारोबार गर्दा बैंकिङ उपकरणमार्फत मात्र गर्नेगरी नगद कारोबारको सीमा निर्धारण गर्ने निर्णय गरेको पनि बताए।

उनका अनुसार बैठकले ब्रर्बेज व्यापार नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय पनि भएको छ। त्यस्तै सरकारले श्रीलंका सरकारलाई २ लाख अमेरिकी डलर सहायता उपलब्ध गराउने निर्णय पनि गरेको छ। उनले विश्वविद्यालय अनुदान आयोगको सचिव पदमा प्राध्यापक ज्ञानबहादुर थापालाई नियुक्त गर्ने निर्णय भएको पनि बताए। सरकारले वैकुण्ठ अर्याललाई सचिव पदमा बढुवा गर्ने निर्णय समेत गरेको छ।

## प्रेस काउन्सिलको अध्यक्षमा डा. आचार्य



**काठमाडौं/मस-** सरकारले प्रेस काउन्सिल नेपालको अध्यक्षमा वरिष्ठ अधिवक्ता डा कुमार आचार्यलाई मनोनीत गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले नेपाल मेलमिलाप परिषद्मा विज्ञको रुपमा कार्यरत आचार्यलाई नियुक्त गर्ने निर्णय गरेको हो। उनी यसअघि मेलमिलाप परिषद्मै करिब ३ वर्ष सदस्यको रुपमा कार्यरत थिए। २०४० सालमा अधिवक्ता भएका उनी २०६९ सालमा वरिष्ठ अधिवक्ता बनेका थिए। नेपाल बारको उपाध्यक्ष समेत भइसकेका आचार्यसँग २०५१ सालमा बार काउन्सिलको कार्यकारी समितिमा बसेर काम गरेका थिए। उनले २०७४ सालमा लुम्बिनी प्रदेशको कानून आयोगमा डेढ वर्ष काम गरेको थिए।

यसअघिका अध्यक्ष बालकृष्ण बस्नेतको चार वर्षे कार्यकाल गएको जेठमा सकिएपछि उक्त पद रिक्त रहेको थियो।

## 'नो भोट-राइट टु रिजेक्ट' प्रावधान राखेर अध्यादेश ल्याउने तयारीमा सरकार




**काठमाडौं/मस-** निर्वाचनसम्बन्धी ऐन संशोधनका लागि तयार गरिएको अध्यादेशको मस्यौदामा 'नो भोट' अर्थात् 'राइट टु रिजेक्ट' को प्रावधान राखिएको छ।

मतपत्रमा कुनै पनि उम्मेदवारलाई मत नदिइ असन्तुष्टि जनाउन सकिने व्यवस्था सर्वोच्च अदालतले १२ वर्षअघि नै गर्न आदेश दिए पनि सोमबारसम्म लागू भएको थिएन।

अब यो अध्यादेशमार्फत कानुनी रूपमा खुला गर्ने तयारी छ। अध्यादेश जारी भएपछि यसको कार्यान्वयनका लागि निर्वाचन आयोगले आवश्यक नियमावली र कार्यविधि बनाउनेछ।

यही मस्यौदामा विदेशमा रहेका नेपालीलाई मताधिकार दिने र देशभित्रै अध्ययन, रोजगारी वा अन्य कारणले आफ्नो मतदान केन्द्रमा पुग्न नसक्ने मतदातालाई अन्तरजिल्ला मतदानको अधिकार दिने प्रस्ताव पनि समेटिएको छ।

२०७९ को निर्वाचनमा मात्र १३ लाखभन्दा बढी मतदाता मतदानबाट वञ्चित भएको आयोगको अध्ययनपछि यस्तो व्यवस्था ल्याउन लागिएको हो। प्रत्यक्ष र समानुपातिक दुवैतर्फ अन्तरजिल्ला मतदानको अधिकार दिनेगरी तयारी भइरहेको गृह मन्त्रालयका अधिकारीहरू बताउँछन्।

## समानुपातिकतर्फ निर्वाचन कार्यक्रम सुरु
### अधिकृतको कार्यालयमा ४१ जना कर्मचारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर



आगामी २१ फागुनमा तय भएको निर्वाचन कार्यक्रम औपचारिक रुपमै सुरु भएको छ। यस अन्तर्गत सोमबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन अधिकृतको कार्यालय नै स्थापना भएको छ।

निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोग बहादुर भवन् कान्तिपथ काठमाडौंमा स्थापना भएको हो। एक समारोहकाबीच कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यालयको उद्घाटन गरे।

आयोगका सचिव माहादेव पन्थसमानुपातिकतर्फको निर्वाचन अधिकृत तोकिएका छन्। सहायक निर्वाचन अधिकृतको रूपमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईलाई तोकिएका छन्। निर्वाचन आयोगका सहसचिव तथा प्रवक्ता नारायण प्रसाद भट्टराईकाअनुसार समानुपातिक निर्वाचन व्यवस्थापनको लागि कुल ४१ जना कर्मचारीहरू कार्यरत रहने छन्।

कार्यालयको उद्घाटन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त राम प्रसाद भण्डारीले समानुपातिक निर्वाचन प्रणालीका सबै कार्यहरू निर्वाचन अधिकृतको कार्यालयबाट हुने बताए। सूत्रात्मक पद्धतिबाट राष्ट्रिय तथ्यांक कार्यालयसमेतको सहयोगमा कानुन बमोजिमका जातीय, भौगोलिक, लैंगिक लगायतका समूहहरू छुट्याएर प्रतिनिधि चयन गरिने भएकोले सबै पक्षको भरोसा रहने विश्वास उनले व्यक्त गरे।

निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रमअनुसार २१ मंसिर बिहान १० बजेदेखि २२ मंसिर दिउँसो ४ बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्नेछन्।

निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन २४ मंसिर बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म हुनेछ। १३ र १४ पुस बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्नेछन्। २० माघ बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

स्वीकृत निर्वाचन कार्यतालिका अनुसार निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न र एकल चुनाव चिन्ह प्रयोग गर्नका दल दर्ताको कार्यक्रम सकिएको छ। प्रत्यक्ष चुनाव लड्न चाहेर १२० दलले निवेदन दिएका छन्। प्राप्त भएका निवेदनहरू उपर जाँचबुझ गरी योग्यता पुगेका दलहरूलाई यही मंसिर २० गतेसम्ममा आयोगबाट स्वीकृति प्रदान गरिनेछ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार आगामी माघ ६ गते निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ। सोही दिन उम्मेदवारको सूची प्रकाशन हुनेछ। मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गतेलाई तय भएको छ। माघ ८ गते मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय हुनेछ र सोहीदिन उम्मेदवारको नामावली प्रकाशन गरिनेछ।

माघ ९ गते उम्मेदवारलाई नाम फिर्ता लिन चाहे समय दिइनेछ। सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ र गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ।

### खोलिँदै अन्तरजिल्ला मतदान
## १३ लाख बढी मतदाता लाभान्वित हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर



सरकारले अन्तरजिल्ला मतदान गर्न पाउने गरी ऐन संशोधन गर्न लागेको छ। यसो हुन सके १३ लाख बढी मतदाता लाभान्वित हुनेछन्।

निर्वाचनसम्बन्धी विभिन्न चार वटा ऐन संशोधन गर्ने गरी तयार अध्यादेश कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयबाट गृहमन्त्रालय पुगेको छ। जसमा अध्यादेशमा नेपालभित्रै पहाड र रोजगारी वा अन्य कारणले तोकिएको मतदान केन्द्रमा पुग्न नसक्नेलाई अन्तरजिल्ला मतदानको अधिकार दिने विषय समेत समेटिएको छ।

मतदाता नामावलीमा नाम भएर पनि अध्ययन, रोजगारी र पैसाका कारण मतदान केन्द्रसम्म मत हाल्न जाने नपाउने पेशा व्यवसायका व्यक्तिहरुले मतदानको अधिकार पाउनुपर्ने माग राख्दै आएका छन्। यसलाई अध्यादेशको मस्यौदमा समेटिएको छ।

तीन वटै तहको सरकारमा कार्यरत कर्मचारी, सरकारी संस्थानमा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीले जहाँ रहेको छ त्यहींबाट समानुपातिक मत हाल्न पाउँछन्। कारागारमा रहेका थुनुवा र कैदीको नाम समेत अस्थायी मतदाता नामावलीमा राख्न सकिन्छ र उनीहरूले समानुपातिकतर्फ मतदान गर्न पाउँछन्।

निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी तथा सरकारी अनुमतिबाट सञ्चालनमा रहेका वृद्धाश्रममा रहेका व्यक्तिहरूले समेत अस्थायी मतदाता नामावलीमा राख्न सक्छन् र निर्वाचनमा जहाँ रहेको छ त्यहींबाट समानुपातिकतर्फ मतदान गर्न पाउँछन्। यो व्यवस्था यसअघिकै चुनावमा अभ्यासमा आइसकेको छ।

तर, अध्ययन, रोजगारी र पेसाका कारण मतदान केन्द्र जान नसक्ने बाँकीलाई जहाँ रहेको छ त्यही ठाउँबाट मतदान गर्न दिने व्यवस्था अभ्यासमा छैन।

यो विषयमा आयोगले विगतमा अध्ययन समेत गरेको थियो। तत्कालीन अवस्थामा निर्वाचन आयोगले ४ मंसिर २०७९ को चुनावमा मतदान केन्द्रसम्म पुग्न नसकेका र देशभित्रै रहेका १३ लाख मतदाता मतदानबाट वञ्चित भएको निष्कर्ष निकालिएको थियो।

यति ठूलो संख्या मतदानबाट वञ्चित हुँदैको विषयलाई ख्याल गरेर सरकारले अन्तरजिल्ला मतदानको अधिकार दिने विषय अध्यादेशको मस्यौदामा समेटिएको हो।

अन्तरजिल्ला मतदानको अधिकार दिँदा प्रत्यक्ष र समानुपातिक दुवैतर्फ दिने गरी तयारी भएको छ। यसको प्राविधिक तयारीको विषय भने निर्वाचन आयोगले नै तय गर्नुपर्नेछ।

## विष्णु र पृथ्वीसुब्बा ओलीतिरै, ईश्वरलाई विद्या र १० बुँदे समूहको साथ



**काठमाडौं/मस-** नेकपा एमालेको ११औं महाधिवेशन नजिकिँदै जाँदा प्रतिनिधि तहसम्मै प्रष्ट कित्ताकाट देखिन थालेको छ। पदाधिकारी र केन्द्रीय सदस्यको आकांक्षा राख्नेहरूले भोट माग्न थालेका छन् भने मुख्य दुई समूह प्यानल निर्माणमा सक्रिय छन्। अध्यक्षमा केपी शर्मा ओलीलाई रोक्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले उम्मेदवारी घोषणा गरिसकेका छन्। उनलाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र १० बुँदे समूहको बलियो साथ रहेको छ। २०७८ साउनमा माधव नेपालले पार्टी विभाजन गर्नेबेला १० बुँदे सहमति गरेर एमालेमा रहेका स्थायी कमिटीका १० नेता सो समूहमा छन्।

उपाध्यक्षत्रय युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, सचिवहरू गोकर्ण विष्ट र योगेश भट्टराईलगायत नेताहरू पोखरेल प्यानलमा छन्। यसको लाभ र हानी दुवै पोखरेलले पाउने छन्। तर पोखरेल मुलत: पूर्वराष्ट्रपति भण्डारीका उम्मेदवार हुन्। गत १४ असारको मदन जयन्तीमा सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी उनी महाधिवेशनबाट अध्यक्ष हुन चाहन्थिन्। तर ओलीको तेस्रोपटक अध्यक्ष हुने चाहनाले उनको राजनीतिक महत्वाकांक्षालाई ब्रेक लगाइदियो।

ओलीले केन्द्रीय कमिटीबाट राष्ट्रको सर्वोच्च पदमा गइसकेका व्यक्ति पुन: पार्टी राजनीतिमा फर्किन नहुने निर्णय गराएर उनलाई भण्डारीलाई रोके। बितेका पाँच महिनामा भण्डारी र उनको समूहले पार्टी सदस्यता नवीकरणका लागि निरन्तर दबाब दिँदैआएको छ। तैपनि, ओली टसमस भएनन्। २३-२४ भदौको जेनजी विद्रोहबाट सत्ताच्युत भएपछि ओलीलाई पार्टी नेतृत्वबाट विदा गर्न यो समूहले निकै जोड गर्‍यो। तर अलौं महाधिवेशन आह्वान गरेर उनले तत्कालका लागि संकट टारे। पार्टीभित्र घेराबन्दीमा परेका अध्यक्ष ओली महाधिवेशनबाट पुन: शक्ति आर्जन गर्ने रणनीतिमा छन्। तर, विद्या-पोखरेल समूह ओलीको विकल्प खोजी छाड्ने अडानमा छ। महाधिवेशन प्रतिनिधि चयनमा पनि यो समूहले निकै मिहेनत गरेको देखिन्छ। पूर्वराष्ट्रपति भण्डारीले सक्रिय राजनीतिका लागि खोलेको कार्यालयमा सोमबार यो समूहको बैठकसमेत बसेको छ। महाधिवेशन प्रतिनिधि विवादसँगै प्यानल निर्माणका लागि बैठक महत्वपूर्ण मानिएको छ।

एमालेभित्र अहिले प्रष्टत: दुई लाइन देखिन्छ। एउटाले ओलीको विकल्प खोज्ने र पार्टीलाई नयाँ ढंगले अघि बढाउने विषयलाई महाधिवेशनको मुद्दा बनाएको छ। अर्को, जेनजी विद्रोहका नाममा देशीविदेशी शक्तिले एमाले र नेतृत्व ओलीमाथि आक्रमण भइरहेकाबेला उनलाई कमजोर बनाउनु हुन्न भन्नेमा दृढ देखिन्छ। उपमहासचिव पृथ्वीसुब्बा गुरुङले सोमबार त्यस्तो धारणा व्यक्त गरे।

एमाले उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव गुरुङ उपयुक्त पद नपाए विद्या-ईश्वर प्यानलमा जाने चर्चाका बीच उनले एक कदम अघि बढेर भने, 'अबको जननेता मदन भण्डारीको परिवारविशेषको कुरा होइन्।'

उपाध्यक्ष पौडेल एमाले महाधिवेशनमा निर्णायक मानिन्छन्। सचिवालय बैठकमा पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण गर्नुपर्ने विचार राखेपछि उनी संस्थापनइतर समूहमा उभिने त्रास ओली समूहलाई थियो। तर अध्यक्ष ओलीलाई भेटेर उनले संस्थापनलाई बलियो बनाएर लैजाने प्रतिबद्धता जनाइसकेका छन्।

## भूमि आयोग खारेज गर्ने सरकारी निर्णय सर्वोच्चद्वारा बदर

**काठमाडौं/मस-** सर्वोच्च अदालतले भूमि आयोग खारेज गर्ने सरकारको निर्णय बदर गर्दै रिट जारी गरेको छ। न्यायाधीश धारणा सुबेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले सो आदेश दिएको हो।


अध्यक्ष हरिप्रसाद रिजाललगायत आयोगका पदाधिकारी अब काममा फर्किने भएका छन्। सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्ले असोज २३ गते आयोग र देशभरका कार्यालय विघटन गर्ने निर्णय गरेको थियो।

उक्त निर्णयविरुद्ध रिजालले कात्तिक ९ मा सर्वोच्चमा रिट दायर गरेका थिए। प्रारम्भिक सुनुवाइपछि कात्तिक ११ र १३ गते जारी अन्तरिम आदेशलाई सर्वोच्चले निरन्तरता दिँदै अन्ततः सरकारको निर्णय बदर गरेको हो।

आयोग विघटन भएपछि भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा जग्गा वितरणका काम रोकिएका थिए। नयाँ संविधान आएयता ८ हजार ८ सय ४८ जनाले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका छन्।

## काठमाडौं महानगर प्रमुख शाहलाई पितृशोक

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन)लाई पितृ शोक परेको छ। उनका बुबा डा रामनारायण शाहको ७७ वर्षको उमेरमा सोमबार उपचारका क्रममा निजामती कर्मचारी अस्पतालमा निधन भएको अस्पतालका कार्यकारी निर्देशक डा मोहनचन्द्र रेग्मीले जानकारी दिए। उनलाई मधुमेह र पिसाबको संक्रमणको समस्या थियो। शाहलाई आइतबार अपराह्न अस्पताल भर्ना गरिएको थियो।



शाहको वैदिक परम्पराअनुसार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

शाहलाई अन्तिम बिदाइ गर्न अन्तरिम सरकारका मन्त्रीहरू कुलमान घिसिङ, जगदीश खरेल, बब्लु गुप्ता, पूर्वमन्त्री राजेन्द्र महतो, विभिन्न सुरक्षा निकायका प्रमुख, निजामती कर्मचारी, चिकित्सक, परिवारजनलगायतको पशुपति आर्यघाटमा बाक्लो उपस्थिति रहेको थियो। उनले सिंहदरबार वैद्यखाना विकास समितिको प्रबन्ध निर्देशक भएर काम गरेका थिए। यस्तै आयुर्वेद विभागको समेत निर्देशक भएर काम गरेका थिए। शाहका श्रीमती, दुई छोरा र एक छोरी छन्।

## कमला नदीमा अस्थायी 'डाइभर्सन' बनाइँदै



**सिरहा/मस-** हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमा तत्कालका लागि आवतजावतलाई सहज बनाउन अस्थायी 'डाइभर्सन' निर्माण हुने भएको छ।

हुलाकी सडक निर्देशनालयअन्तर्गतको योजना कार्यालय जनकपुरले डाइभर्सन सडक निर्माणका लागि ठेक्कासम्बन्धी सूचना प्रकाशित गरेको छ। कार्यालयका प्रमुख कृष्णकुमार महतोका अनुसार एक करोड २४ लाख ८५ हजारको लागतमा सिरहाको बसविट्टाघाट र कमला खोलालाई जोड्ने गरी ५५ मिटर लम्बाइ र १० मिटर चौडाइको अस्थायी 'डाइभर्सन' निर्माण गर्न लागिएको हो। आकस्मिक कार्यअन्तर्गत आह्वान गरिएको ठेक्काअनुसार एक महिनाभित्र काम सम्पन्न गर्नुपर्नेछ। यहाँ विगत १४ वर्षदेखि पक्की पुल निर्माणाधीन अवस्थामा छ। हाल स्थानीय युवाले बनाएको काठको पुल र नदीमा डुंगाको माध्यमबाट जोखिमपूर्ण यात्रा गर्ने बाध्य हुनुपरेको छ।

यसैबीच यही मंसिर ५ गते भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले पुलको निरीक्षणका क्रममा तत्काले अस्थायी प्रकृतिको डाइभर्सन बनाउने प्रतिबद्धता जनाएका थिए।

मन्त्री घिसिङको निर्देशनपछि पुल निर्माणको जिम्मेवारी लिएको लुम्बिनी बिल्डर्सका सञ्चालक विष्णुप्रसाद शर्माले मन्त्रीसमक्ष अधुरो पुल तीन महिनाभित्रै सम्पन्न गरेर सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए।

२०६८ जेठमा तीन वर्षमा सम्पन्न गर्ने गरी निर्माण सुरु भएको यो पुल १४ वर्ष बितिसक्दा पनि अधुरै छ। २०७८ असार १७ गते कमलाको बाढीले भाँसिएको पुलको निर्माण सम्झौता हाल नवौंपटक म्याद थपको प्रक्रियामा छ। डुंगाबाट नदी वारपार गर्दा ठूलो जोखिम बढेकाले पक्की पुल पुनर्निर्माण भएर सञ्चालनमा नआउन्जेल डाइभर्सनले ठूलो राहत प्रदान गर्नेछ।

मध्यान्ह
www.madhyanhadaily.com

१६ मंसिर २०८२ मंगलबार
2 December 2025 Tuesday

## सम्पादकीय

# काठमाडौंबाट पाठ सिकौं

काठमाडौं उपत्यका कुनैबेला उर्वर क्षेत्र मानिन्थ्यो । धान, गहुँ, मकैदेखि लिएर रैथाने मुला, गहत, मस्याङसम्मका बालीले उपत्यकाको पहिचान बनाएका थिए । तर पछिल्ला तीन/चार दशकमा सहरीकरण यसरी फैलियो, त्यसले कृषियोग्य क्षेत्र सखाप पारिदियो । खेतबारी घडेरीमा बदलिँदै गए, कुलो, पोखरी र जलस्रोत पाटिने क्रम तीव्र बन्यो । उपत्यका अन्न उत्पादनमा आत्मनिर्भरबाट पूर्णतः परनिर्भर सहरमा परिणत हुन पुग्यो । उपत्यकामा खेतीयोग्य जमिन मासिनुको मूल कारण अव्यवस्थित सहरीकरण हो । काठमाडौं विकासका नाममा बनेका जथाभावी सडक, प्लटिङमा रूपान्तरण भएका उर्वर जमिन र घरैघरले कंक्रिट जंगल बनेको छ । उपत्यकाको मलिलो खेत अहिले घडेरीका प्लट बनेका छन् । यसले यहाँको कृषि संरचना मात्र होइन, सम्पूर्ण खाद्य-सुरक्षाको आधार नै भत्काइदिएको छ ।

यसबिच सबैभन्दा ठुलो क्षति रैथाने जातका बालीहरू लोपउन्मुख भएका छन् । स्थानीय वातावरण र माटोअनुसार विकसित यी जात सहरीकरणसँगै हराउँदै गएका छन् । सुरुमा उपत्यकामा बाहिरबाट आउने सस्तो तरकारी र चामलले स्थानीय उत्पादनलाई बजारविहीन बनायो । त्यसले स्थानीय किसानलाई खेतीभन्दा जग्गा प्लटिङमा प्रेरित गरिदियो । जसका कारण उपत्यकाको सयौं वर्ष पुरानो कृषि ज्ञान, वंशानुगत सिप र रैथाने जात नयाँ पुस्तासम्म आइपुगेन । काठमाडौं महानगरपालिकाका अनुसार अहिले महानगरमा कृषि उत्पादन शून्यजस्तै भएको छ । उर्वराशक्ति क्षय, खुला क्षेत्र खुम्चिँदै गएको छ भने खाद्यान्नमा पुरै परनिर्भरता छ । अभियानकै रूपमा केही कौसी र करेसामा तरकारी फलेबाहेक महानगरमा कृषि उत्पादन हुँदैन । यसले हाम्रो सहरीकरणको नीति र योजनालाई गिज्याएको छ ।

विकास निरन्तर प्रक्रिया हो । देशको राजधानीमा सहरीकरण बढ्नु पनि स्वाभाविक हो । तर कृषि र आवादी क्षेत्र छुट्याएर सहर विकासको योजना नबनाउँदा काठमाडौं कंक्रिट जंगल बन्न पुगेको हो । यसले विकासमा सन्तुलनको खाँचोलाई पुनः एकपटक बहसमा ल्याएको छ । सहरी विस्तार आवश्यक छ तर कृषि र आवास क्षेत्र छुट्याएर दीर्घकालीन राष्ट्रिय नीति नबनेसम्म अन्य सहरको हालत पनि काठमाडौं बन्ने खतरा छ । अहिले पनि प्रादेशिक राजधानी भएसँगै सुर्खेतको वीरेन्द्रनगर, कैलालीको धनगढी, दाङको देउखुरी, विराटनगर, जनकपुर र पोखरामा सहरीकरण तीव्र छ । काठमाडौंले गरेको गल्तीबाट पाठ नसिक्ने हो भने ती सहर पनि केही दशकभित्रै कृषि उत्पादन शून्यमा झर्ने छ । खेतबारी जोगाउन कानुनी कडाइ, कृषि र आवादी क्षेत्रको प्रस्ट वर्गीकरण, रैथाने जातको संरक्षण र सहरी संरचनाको अनुशासित योजना आवश्यक रहन्छ । अहिलेदेखि नै यसमा ध्यान दिन जरुरी छ ।

# प्रत्यक्ष कार्यकारी : सम्भावना र जोखिम

*नेपालमा 'नेतृत्व' समस्या हो कि 'संरचना' ? प्रस्ट रूपमा समस्या संरचनाभन्दा पनि चलाउने पद्धति, राजनीतिक संस्कार, पारदर्शिताको अभाव र संस्थागत कमजोरीजस्ता विषयमा छन् ।*

अग्रलेख



● कमलराज अधिकारी

जेनजी आन्दोलनपछि नेपालमा राजनीतिक रूपमा 'प्रत्यक्ष कार्यकारी' अर्थात् प्रधानमन्त्री वा राष्ट्रपतिजस्ता कार्यकारी प्रमुखलाई जनताबाट सीधा निर्वाचनमार्फत छान्ने व्यवस्थाबारे बहस चुलिएको छ । धेरैलाई यो व्यवस्था लोकप्रिय, सरल र स्थिर शासनको उपायजस्तो देखिन्छ किनकि प्रत्यक्ष रूपमा चुनेको नेतृत्वले बलियो जनमत र स्पष्ट अधिकार पाउँछ । तर राजनीतिलाई केवल सरल सूत्रबाट चलाउन सकिँदैन, कुनै पनि संरचनामा देखिने फाइदासँगै गहिरा जोखिम, सन्तुलनका चुनौती र भविष्यका सम्भावित अवाञ्छित परिणाम पनि विश्लेषण गर्न आवश्यक हुन्छ । नेपालको अहिलेको सन्दर्भ र विश्वका विभिन्न देशको अनुभवलाई एउटै फ्रेममा राखेर हेर्दा, प्रत्यक्ष कार्यकारी व्यवस्था कति उपयुक्त र कति बेठीक हुन सक्छ भन्ने प्रश्न यथार्थपरक तरिकाले बुझिन्छ ।

प्रत्यक्ष कार्यकारीको मूल आकर्षण सिधै जनताबाट जनमत प्राप्त गरेको बलियो नेतृत्व हो । सांसदहरूको खेल, गठबन्धन गठन-विघटन, आन्तरिक किचलो र दलबलजस्ता समस्याले संसदीय व्यवस्थामा बारम्बार अस्थिरता आउने देखिँदा, जनतामा प्रत्यक्ष कार्यकारी आकर्षक लाग्नु स्वाभाविक हो । जनताले छानेको एक व्यक्तिले पाँच वर्ष स्थिरताका साथ शासन गर्ने अपेक्षा आमरूपमा सुन्न पाइन्छ । तर समस्या यतिमै सीमित हुँदैन । प्रत्यक्ष कार्यकारी बलियो नेतृत्वसँगै बलियो जोखिम पनि बोकेको हुन्छ किनकि शक्ति सन्तुलन कमजोर हुँदै जाँदा लोकतान्त्रिक संस्था कमजोर पर्छन्, निर्णय प्रक्रियामा भागीदार घट्छ र शक्तिशाली व्यक्तिवादले संस्थागत राजनीतिलाई ओझेल पारिदिन्छ ।

नेपालजस्तो विविध समाज, बहुदलीय प्रतिस्पर्धा, जातीय-भाषिक-क्षेत्रीय बहुलता र सङ्क्रमणशील लोकतान्त्रिक संरचना भएको देशमा प्रत्यक्ष कार्यकारीले जोखिम बढाउन सक्छ । कारण यहाँ एक व्यक्तिलाई अत्यधिक शक्ति दिनु भनेको राजनीतिक ध्रुवीकरणलाई बढवा दिनु, संस्थालाई व्यक्तिमा निर्भर बनाउनु र 'उत्कृष्ट नेता'का नाममा अधिकारको केन्द्रीकृत बनाउनु हो । यस प्रकारको व्यवस्था प्रभावकारी हुन, राज्य संरचना अत्यन्तै परिपक्व, संस्थाहरू सक्षम र नागरिक समाज पर्याप्त सक्रिय हुनुपर्छ । तर नेपाल अहिले पनि संवैधानिक अभ्यास, राजनीतिक स्थिरता र सुशासनमा दोहोऱ्याएर परीक्षा दिइरहेको अवस्थामा छ । यस्तो अवस्थामा प्रत्यक्ष कार्यकारीले समाधानभन्दा बढी समस्या निम्त्याउने सम्भावना रहन्छ ।

अन्तर्राष्ट्रिय अनुभव हेर्दा, सबै प्रत्यक्ष कार्यकारी सफल भएको पाइँदैन । फिनल्यान्ड, दक्षिण कोरिया वा अमेरिकामा प्रत्यक्ष कार्यकारी (राष्ट्रपति व्यवस्था) लामो समयदेखि चल्दै आएका छन् । तर त्यसको सफलताका पछाडि सदियौंदेखि बलियो संस्थागत संरचना, स्वतन्त्र अदालत, जिम्मेवार सञ्चार माध्यम, परिपक्व राजनीतिक संस्कृति र चेक तथा ब्यालेन्सको गहिरो अभ्यास छ । अमेरिकामा राष्ट्रपति अत्यन्त शक्तिशाली भए पनि कांग्रेसले बजेटदेखि नीति निर्णयसम्म कडा नियन्त्रण गर्छ । कोरियामा जनता हरेक निर्णयमा संवैधानिक अदालत र संसदमार्फत कार्यकारीलाई जवाफदेही बनाउन सक्छन् ।

तर प्रत्यक्ष कार्यकारीले गम्भीर राजनीतिक संकट निम्त्याएको उदाहरण पनि धेरै छन् । श्रीलंकाले लामो समयदेखि कार्यकारी राष्ट्रपतीय प्रणाली अपनाएको थियो, जसले समयसमयमा अधिकारको अत्यधिक केन्द्रीकरण, परिवारवाद, नीति-निर्णयमा पारदर्शिताको कमी र हिंसात्मक राजनीतिक द्वन्द्वलाई बलियो बनायो । सन् २०२२ को आर्थिक संकटपछि जनताले ठाडै 'कार्यकारी राष्ट्रपतित्व' नै कमजोर गर्नुपर्ने माग राखे । भेनेजुएलाको उदाहरण झन् प्रस्ट छ- प्रत्यक्ष कार्यकारीमार्फत सशक्त




जनमत पाएपछि ह्युगो चाभेज र त्यसपछि निकोलास मादुरोले अधिकार केन्द्रीकरण गर्दै लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पार्दै लगे, जसको परिणाम आज भेनेजुएलामा देखिएको राजनीतिक-आर्थिक पतन हो । फिलिपिन्स, टर्की र रुस पनि विभिन्न रूपमा प्रत्यक्ष कार्यकारीका नाममा व्यक्ति-केन्द्रित शासन, जवाफदेहिता घट्नु र लोकतान्त्रिक स्वतन्त्रता सङ्कुचन हुनुका आधुनिक उदाहरण हुन् ।

प्रत्यक्ष कार्यकारीको अर्को जोखिम 'राजनीतिक ध्रुवीकरण' हो । जब चुनाव व्यक्तिमा केन्द्रित हुन्छ, प्रतिस्पर्धा व्यक्तिको छवि, लोकप्रियता र भावना-निर्भर अभियानमा बदलिन्छ । यसले नीतिगत बहसभन्दा 'व्यक्ति समर्थक बनाम विरोधी' ध्रुवीकरणलाई बढाउँछ । नेपाल पहिले नै जातीय, भाषिक र क्षेत्रीय आधारमा संवेदनशील छ । यस्तो समाजमा बलियो व्यक्तिवादले राज्यको साझा भावना कमजोर पार्न सक्छ । प्रत्यक्ष कार्यकारीमा दोस्रो-तेस्रो दलका मतदाताले आफूलाई 'प्रतिनिधित्वविहीन' महसुस गर्न सक्छन्, जसले असन्तुष्टि, आन्दोलन र अस्थिरता निम्त्याउन सक्छ ।

नेपालजस्तो संसदीय अभ्यासमा आधारित देशले अचानक प्रत्यक्ष कार्यकारीमा जाने हो भने, संरचनागत द्वन्द्व पनि उत्पन्न हुन सक्छ । संसदीय संरचना सांसद-प्रधानमन्त्री सम्बन्धमा आधारित हुन्छ तर प्रत्यक्ष कार्यकारीमा कार्यकारी प्रमुख संसदको विश्वासमा निर्भर हुँदैन । यसले संसद् र कार्यकारीबीच शक्ति-सम्बन्ध अस्पष्ट बनाउन सक्छ, जसले नीति-निर्णयमा टकराव बढाउन सक्छ । फ्रान्समा राष्ट्रपति र प्रधानमन्त्री फरक दलका हुने अवस्था समयसमयमा नीतिनिर्णयमा गतिरोधको उदाहरण हो । नेपालमा यस्तो संरचनागत द्वन्द्व झनै जटिल हुन सक्छ किनकि यहाँ दलगत विभाजन, गुटबन्दी र अस्थिरता पहिलेदेखि नै व्यापक छ ।

तर प्रत्यक्ष कार्यकारी पूर्ण रूपमा बेठिक पनि होइन । जुन देशमा राजनीतिक स्थिरता अत्यन्त प्राथमिकता हुन्छ- जस्तै युद्धपछिको मोडेल, गहिरो अस्थिरताबाट जोगिनुपर्ने अवस्था वा अत्यन्त फरक भौगोलिक संरचना भएका राष्ट्र, त्यहाँ प्रत्यक्ष कार्यकारीले छिटो निर्णय, स्पष्ट जवाफदेहिता र शक्तिशाली नेतृत्व उपलब्ध गराउन सक्छ । केही अफ्रिकी देशमा अशान्त राज्य संरचना चलाउन यो मोडेल अस्थायी

> *नेपाल अहिले पनि संवैधानिक अभ्यास, राजनीतिक स्थिरता र सुशासनमा दोहोऱ्याएर परीक्षा दिइरहेको अवस्थामा छ । यस्तो अवस्थामा प्रत्यक्ष कार्यकारीले समाधानभन्दा बढी समस्या निम्त्याउने सम्भावना रहन्छ ।*

रूपमा प्रभावकारी पनि बनेको छ । तर बलियो सन्तुलन र टिकाउ लोकतान्त्रिक अभ्यास नभए, फाइदाभन्दा जोखिम नै ठुलो बन्छ ।

नेपालमा 'नेतृत्व' समस्या हो कि 'संरचना' ? प्रस्ट रूपमा समस्या संरचनाभन्दा पनि चलाउने पद्धति, राजनीतिक संस्कार, पारदर्शिताको अभाव र संस्थागत कमजोरीजस्ता विषयमा छन् । यदि अहिले नै प्रत्यक्ष कार्यकारीमा जाने हो भने व्यक्ति केन्द्रित राजनीति झन् बलियो बन्ने, सन्तुलन कमजोर हुने, दलगत आन्तरिक लोकतन्त्र हराउने र नागरिक स्वतन्त्रता सङ्कुचित हुने खतरा रहन्छ । त्यसैले नेपालको वर्तमान परिप्रेक्ष्यमा प्रत्यक्ष कार्यकारी 'म्याजिक समाधान' होइन, बरु उल्टो राजनीतिक सङ्कटलाई बलियो बनाउन सक्ने जोखिमयुक्त विकल्प हो ।

